

# दोर्दी-१ जलविद्युत खबर

RCC क्याम्प हाउस

मंसीर २०७४, अंक १२

## आयोजनाको हालको निर्माण अवस्था

आयोजना स्थलमा इन्जिनियर लगायतका अन्य कर्मचारीको बसोबासका लागि निर्माण गरिएको RCC क्याम्प हाउसको निर्माण कार्य सकिएको छ । यस आयोजनाको सुरुङ्गमार्ग निर्माण कार्यको लागि मंसीर ३, २०७४ मा माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडलाई चयन गरी निर्माण सम्झौतामा गरेको छ । उक्त निर्माण कम्पनीले Site Mobilization गर्नु अघि बुझाउनुपर्ने सम्पूर्ण कागजात बुझाइसकेको छ र साइटमा कर्मचारी पठाउने कार्यको सुरु गरेको छ ।



Tunnel Inlet क्षेत्र

साथै सुरुङ्गमार्ग निर्माणका लागि आवश्यक विद्युतीय उर्जाको स्वीकृति लिइ ट्रान्सफर्मर खरिद प्रक्रिया अगाडि बढाइएको छ । यसै गरी विष्फोटक पदार्थको स्वीकृतिको प्रक्रिया अन्र्तगत भारतीय दुतावासबाट आवश्यक नो अब्जेक्सन सर्टिफिकेट प्राप्त गर्न परराष्ट्र मन्त्रालयको कन्सुलर विभागबाट प्राप्त पत्र दुतावासमा पेश गरिएको छ । पेनस्टक पाइप रहने स्थलको अधिकांश स्थानमा Excavation भएको छ ।



*सुरुङ्गमार्ग निर्माणको लागि सम्झौतापत्रमा हस्ताक्षर गरिदै*



*पेनस्टक पाइप रहने स्थल*

यस आयोजनाको Civil Works, Hydro mechanical Works र Electro mechanical Works को टेन्डर आह्वान गरिसकिएको छ । यस आयोजनाको Construction Power का लागि अनुमति लिने कार्य पनि अन्तिम चरणमा पुगेको छ । डिस्याण्डर वेशिन रहने ठाँउमा कुल ५ मिटर Excavation गर्नुपर्नेमा ३ मिटर Excavation भइसकेको छ । साथै पावरहाउस रहने ठाँउमा कुल ९ मिटर Excavation गर्नुपर्नेमा ३ मिटर Excavation भइसकेको छ । सर्जट्याङ्कसम्म पुग्ने पहुँच मार्ग निर्माण भइरहेको छ । यस्तै Tunnel Inlet को क्षेत्रमा लगभग २० वटा सवारी साधन अटाउने फराकिलो क्षेत्र Excavation गरिएको छ । यसै गरी Connecting Pipe क्षेत्रमा पनि १ मिटर Excavation भइसकेको छ ।



*सुरुङ्गमार्ग निर्माणको लागि सम्झौता गरिदैं गर्दाको एक झलक*



*पावरहाउस रहने स्थल*



*पेनस्टक पाइप विच्छाउने स्थलको सर्भे गरिदैं*


**सम्पादक: पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन न: ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**